# ब्रुसेलोसिस रोग

## ब्रुसेलोसिस परिचय।

ब्रुसेल्ला (**Brucella**) जातिका जिवाणुको संक्रमणबाट विभिन्न जातीका पशुमा गर्भ पतन हुने, अण्डकोष सुन्निने र दुख्ने, जोर्नी सुन्निने, प्रजनन्मा ह्रास आउने र ज्वरो आउने समेतका लक्षण देखाउने रोगलाई ब्रुसेलोसिस भनिन्छ । मानिसमा देखिने ब्रुसेलोसिस रोगलाई माल्टा फिवर, अन्डुलेन्ट फिवर पनि भनिन्छ । नेपालमा खास गरी पश्चिमञ्चल क्षेत्रतिर भेडी गोठमा काम गर्नेलाई यो रोग लाग्दा "कुचे भएको" वा "भेडीगोठको रागले छोएको" भन्ने गरेको पाइन्छ ।ब्रुसेल्ला जिवाणुका धेरै प्रजाति हुन्छन् र ती प्रजातिहरुले पशुको जात अनुसार संक्रमण गर्ने गर्दछन् र साथै यिनीहरुले मानिसमा पनि संक्रमण गर्न सक्ने क्षमता राख्छ ।

## मानिसमा यो रोगको प्रसारण कसरी ?




कांचो दुध पिउनेहरुलाई यो रोग सर्ने सबै भन्दा बढी जोखिम देखिएको छ । यसका अतिरिक्त भेडी गोठमा बस्ने, भेडी गोठाला, गाई भैंसी तथा सुंगुर, बंगुरको स्याहार सुसार गर्ने मानिसहरुमा पनि यो रोग छिटो सर्न सक्छ ।

कहिले कांही प्रायोगशालामा काम गर्ने व्यक्तिहरु, कृत्रिम गर्भाधान कार्य गर्ने वा पशु उपचारमा संलग्न भेटेरिनरीयन तथा भेटेरीनरी प्राविधिकहरुमा पनि यो रोग सर्ने गरेको पाइएको छ ।




हालसम्म भेटिएका रोगीहरुमा यो रोग रोगी जनावरको सिधा सम्पर्क वा ane) वा छालामा भएको घाउ चोटमा संक्रमित जनावरको पाठेघरबाट निस्कने श्राव वा विर्यको सिधा सम्पर्क हुंदा सर्ने गरेको पाइएको छ । यसै कारणले पशुपालक कृषक, भेटेरिनरियन तथा पशु स्वास्थ्य प्राविधिकहरु र पशु वध गर्ने मानिसहरुमा यो रोग सर्ने जोखिम बढी हुन्छ ।

प्राकृतिक रुपमा यो जिवाणु ।



ब्रुसेलोसिस रोगको जिवाणु जंगली तथा घरपालुवा दुवै प्रकारका पशुमा प्राकृतिकरुपले रहेको हुन सक्छ । पशुहरु ब्रुसेल्ला संक्रमणबाट दीर्घ रोगी भै बर्षौं बाँचिरहन सक्छन् । यो जिवाणु संक्रमित जनावरका दुध, पाठेघरबाट निस्कने श्राव, विर्य तथा तुहिएको बच्चामा रहेको हुन्छ । यसको संक्रमणले पशुहरुमा गर्भ तुहाउने र बांझोपन गराउन सक्छ । यसले गर्दा संक्रमित जनावरको दुध, वीर्य, पाठेघरबाट निस्कने श्राव वा तुहिएको बच्चा आदिको संसर्गमा आउने मानिसमा यो रोग सजिलै सर्न सक्छ ।

***मानिसमा यो रोगका मुख्य चिन्ह र लक्षणहरु***

यो रोग संक्रमण भएको एक देखि तीन हप्ता पछि मात्र लक्षणहरु देखिन थाल्छ । तर कहिले काहीं संक्रमण भएको लामो समय पछि पनि लक्षणहरु देखिन सक्छन् । रोगको लक्षणहरु सधैं एकै प्रकारको देखिदैन । केही प्रमुख लक्षणहरु यस प्रकारका छन् :

- ज्वरो आउने,
- पसिना आउने,
- टाउको दुख्ने,
- ढाड दुख्ने,
- रिंगटा लाग्ने
- ज्वरो आउने र छोड्ने (Undulant Fever)
- घुंडा र जोर्नी सुन्निने **(**Arthralgia**)** आदि ।

यदि लामो समयसम्म पनि रोग निदान गरी उपचार नगरिएमा यस रोगले मानिसको हाडजोर्नी, कलेजो, मृगौला, फियो तथा मूटुमा संक्रमण फैलन सक्छ ।

**पशुहरुमा यो रोगका मुख्य लक्षणहरु**

पशुहरुमा गर्भपतन हुने, मरेको बच्चा जन्मिने, साल अड्किने, गर्भ मै बच्चा सुक्ने, बांझोपन देखिने, अण्डकोष सुन्निने आदि लक्षणहरु देखा पर्दछन् ।

 

पशुमा अण्डकोषको सुजन

***<u>रोगको पहिचान र निदान।</u>***

प्रायः यो रोगको लक्षण एउटै प्रकारको नहुने हुंदा लक्षणको आधारमा मात्र रोग निदान गर्न कठिन हुन्छ । प्रयोगशालामा दुध, रगत वा तन्तुको परिक्षण गरी रोग तथा जिवाणु पहिचान गर्नु सबै भन्दा राम्रो रोग निदानको उपाय हो । रगत परिक्षण गरी सिरममा रहेको ब्रुसेल्ला एण्टिबडी ( Antibody) को मात्रा हेरेर पनि ब्रुसेल्ला संक्रमणको अनुमान गर्न सकिन्छ ।

***<u>मानिसमा यो रोगको उपचार।</u>***

चिकित्सकको सल्लाह लिई यो रोगको सफलतापूर्वक उपचार गर्न सकिन्छ । तर औषधी पूरा मात्रा नलिई बीचमा छोडेमा रोग पुनः देखा पर्न सक्छ ।

***<u>यो रोगको संक्रमणबाट बच्ने उपाय।</u>***

- जनावरमा ब्रुसेलोसिस रोग नियन्त्रण गर्न निरोगी पशुलाई खोप लगाउने,
- रोगी जनावरलाई अलग राख्ने वा हटाउने,
- संक्रमित पशुलाई अन्य पशुसंग संसर्ग नगराउने,
- गोठको सरसफाई राम्ररी गर्ने,
- मानिसमा यो रोग सर्ने सम्भावना कम गर्न उमालेको वा प्रशोधित दुध वा दुग्ध पदार्थ मात्र सेवन गर्ने,
- संक्रमित जनावरहरुसंगको सम्पर्क सिमित गर्ने र
- ब्यक्तिगत सरसफाईमा बिषेश ध्यान दिनु पर्दछ ।